# ब्याँस गाउँपालिकाको आर्थिक ऐन

# २०७५/०७६

ब्यास गाउँपालिका

सून्सेरा दार्चुला

७ नं प्रदेश नेपाल

**२०७५ श्रावण**

## ब्याँस गाउँपालिकाको आर्थिक ऐन २०७५/०७६
## ब्याँस गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्ताव लाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना : ब्याँस गाउँपालिका आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्ताव लाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोल, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ब्याँस गाउसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यस ऐन को नाम आर्थिक ऐन २०७५/०७६ रहेको छ।
(२) यो ऐन २०७५ साल श्रावण १ गते देखि ब्याँस गाउँ क्षेत्रमा लागु हुनेछ।

**२. सम्पत्ती कर :** गाउँ पालिका क्षेत्र भित्र अनुसुची (१) बमोजिम एकिकृत सम्बत्ति कर / घर जग्गा कर लगाईने र असुल उपर गरिने छ।

**३. भूमिकर (मालपोत)** गाउँपालिका क्षेत्रभित्रका जग्गामा यस्तो जग्गाको उपभोगका आधारमा अनुसुची (२) बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल उपर गरिने छ। एकिकृत सम्पत्ती कर लगाएको अवस्थामा भूमिकर नलाग्ने।

**४. घर जग्गा बहाल कर :**
गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा टप्पर जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहाल दिएकोमा त्यस्तो बहाल रकममा अनुसुची (३) बमोजिम घर जग्गा बहाल कर लगाईने र असुल गरिने छ।

**५. ब्यवसाय कर :** गाउँ पालिकाक्षेत्र भित्र ब्यापार ब्यवसाय वा सेवा मा पुजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची (४) बमोजिम ब्यवसाय कर लगाईने र असुल उपर गरिने छ।

**६. जडी बुटी कवाडी र जीव जन्तु कर** :
गाउँ पालिका क्षेत्र भित्र कुनै ब्यक्ति वा संस्थाले उन खोटो जडी बुटी बनकस कवाडी माल र प्रचलित कानुनले निशेध गरेको जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जन्तुको हाड सिंङ, प्वाख, छाला, जस्ता बस्तुको ब्यवसायिक कारोबार गरे बापत अनुसुची (५) बमोजिमको कर लगाईने र असुल उपर गरिने छ।

**७. सवारी साधन कर :** गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनहमा अनुसुची (६) बमोजिम सवारी साधन कर लगाइएन छ र उक्त कर सम्बन्धीत प्रदेश ले असुल गरी अन्तर सरकारी बित्त ब्यवस्थापन ऐन २०७४ बमोजिम स्थानीय तहको विभाजय कोष माफार्नत गाउँपकालिकाको संचित कोषमा बाँडफाँड गर्ने पर्नेछ।

**८. विज्ञापन कर :** गाउँ पालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसुची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिने छ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४ बमोजिम सम्बन्धीत प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजस्व बाँडफाड गर्नु पर्नेछ।

**९. मनोरञ्जन कर** :
गाउँपालिका क्षेत्र भित्र हुने मनोरञ्जन ब्यवसाय सेवामा अनुसुची (८) बमोजिम ब्यवसाय कर लगाईने र असुल उपर गरिने छ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४ बमोजिम सम्बन्धीत प्रदेशले निर्धारण गरेको मनोरञ्जन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजस्व बाँडफाड गर्नु पर्नेछ।

## १०. बहाल विटौरी शुल्क

गाउँपालिका क्षेत्र भित्र आफुले  निर्माण, रेखदेखवा संचालन गरेका हाँट बजार पसल वा सरकारी जग्गामा अनुसुची (९) मा उल्लेख भए अनुसार बहाल विटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ।

## ११.सेवा शुल्क दस्तुर :

गाउँपालिकाले निर्माण संचालन, वा व्यवस्थापन अनुसुची (१०) मा उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराईएको सेवामा सेवा ग्राहि बाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र अशुल उपर गरिने छ

## १२.गिट्टी बालुवा ढुंगा खानी उद्योग मा लगाइने कर

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका  गिट्टी बालुवा ढुंगा खानी उद्योग लगाए वापत अथवा उपयोग गरे बापत  अनुसुची (११) मा उल्लेखित दरमा पर्यटन प्रबेश शुल्क लगाईने र असुल उपर गरिने छ ।

## १३. पर्यटन प्रबेश :

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण गरेका उद्यान, पार्क चिडियाखाना ऐतिहासिक तथा पुरावतात्वीक सम्पदा, संग्रहाल जस्ता सम्पदा उपयोग गरे बापत पर्यटक हरु वाट अनुसुची (१२) मा उल्लेखित दरमा पर्यटन प्रबेश शुल्क लगाईने र असुल उपर गरिने छ ।

**१४. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि** : यो ऐनमा भएको ब्यवस्थाअनुसार कर तथा शुल्क संकलन  सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

# अनुसुची १

## ब्याँस गाउँपालिका क्षेत्र अन्तरगत लागु हुने

## सम्पत्तीकर (घरकर)

| क्र.सं. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | छाप्रो,फुसको छाना भएको कच्ची घर प्रति वर्ष | ५०/- | |
| २ | टीन,स्लेट ढुङ्गा,टायलको छाना भएको घर प्रति वर्ष | १००/- | |
| ३ | RCC घर ५ कोठा सम्मको प्रति वर्ष | २००/- | |
| ४ | RCC घर १० कोठा सम्मको प्रति वर्ष | ३००/- | |
| ५ | RCC घर १० कोठा भन्दा माथि प्रति वर्ष | ५००/- | |

# अनुसुची २

## ब्याँस गाउँपालिका क्षेत्र अन्तरगत लागु हुने

भूमिकर (मालपोत)

| क्र.सं. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | न्यूनतम१ देखि १० | २०/- | |
| २ | ११ रोपनी देखि २० रोपनी सम्म | १२० | |
| ३ | २१ रोपनी देखि ५० रोपनी सम्म | ३०० | |
| ४ | ५१ रोपनी देखि ७५ रोपनी सम्म | ४०० | |
| ५ | ७५ रोपनी भन्दा माथी | ५०० | |

प्रत्येक वर्ष मालपोत नबुझाउने ब्याक्तिलाइ प्रति वर्ष २५%का दरले मालपोत जरीवाना थप्दै लैजाने।
५ रोपनी भन्दा माथि प्रति रोपनी ५ रुपैया जरीवाना थप्दै लैजाने।

# अनुसुची ३

## ब्याँस गाउँपालिका क्षेत्र अन्तरगत लागु हुने

### सम्पत्ति कर घर बहाल कर

यस ब्याँस गाउँपालिका क्षेत्र भित्र घर, डोजर, मेसिनरी औजार , गाडी ग्यारेज पसल छाप्रो टहरो जग्गा लगायत निर्माणका साधन र अन्य साधनहरु भाडामा लगाएमा भाडा रकमको १० % कर लगाउने ।

# अनुसुची ४

## ब्याँस गाउँपालिका क्षेत्र अन्तरगत लागु हुने

### ब्यबसाय कर

यस ब्यांस गाउँपालिका क्षेत्र भित्रको ब्यबसायमा निम्न अनुसार कर लगाउने ।

| क्र.सं. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | चिया,नास्ता,सामान्य किराना पसल,सामान्य कस्मेटीक पसल | १००/- | |
| २ | रेष्टुरेन्ट,होटल,बार, | २००/- | |
| ३ | खाद्यान्न पसल,किराना पसल | २००/- | |
| ४ | तयारी पोसाक तथा काँचो कपडा पसल | २००/- | |
| ५ | स्टेसनरी तथा खेलकुद सामग्री पसल | २००/- | |
| ६ | मासु पसल | २००/- | |
| ७ | बाल काट्ने सैलुन | २००/- | |
| ८ | ब्यूटी पार्लर | २००/- | |
| ९ | निर्माण सामग्री पसल | २००/- | |
| १० | भाँडा पसल | २००/- | |
| ११ | मोटर साइकल वर्कसप | २००/- | |
| १२ | जिप,बस,ट्रक,ट्रेक्टर, वर्कसप | ३००/- | |
| १३ | सामान्य औषधी पसल | २००/- | |
| १४ | ल्याव,एक्सरे सहितको औषधी पसल | २००/- | |
| १५ | सून चाँदी पसल (सानो) | २००/- | |
| १६ | सून चाँदी पसल (ठुलो) | ३००/- | |
| १७ | मदिरा तथा सूर्तिजन्य पसल | १०००/- | |
| १८ | सामानको थोक बिक्रेता(गल्ला तथा किराना) | २००/- | |
| १९ | टेलरीङ्ग पसल | २००/- | |
| २० | निर्माण ब्यबसायी (ग र घ) | २५००/- | |
| २१ | निर्माण ब्यबसायी (ख) | १००००/- | |
| २२ | निर्माण ब्यबसायी(क) | २५०००/- | |
| २३ | ग्रिल उद्योग | २००/- | |
| २४ | फर्निचर उद्योग तथा ब्यबसाय | २००/- | |
| २५ | खाद्य उद्योग (समोसा,पाउरोटी,चाउमीन,चाउचाउ) | २००/- | |
| २६ | लघु जल विद्युत आयोजना प्रति किलो वाट | १००/ | |
| २७ | कुटानी पिसानी मिल | २००/- | |
| २८ | घट्ट | ५००/- | |
| २९ | गहु चुटने(थ्रेशर) उद्योग | ५००/- | |
| ३० | अन्य उद्योग तथा ब्यबसाय | ५००/- | |

# अनुसुची ५

## ब्याँस गाउँपालिका क्षेत्र अन्तरगत लागु हुने

### जडीबुटी कवाडी जिवजन्तु कर

# अनुसुची ६

## ब्याँस गाउँपालिका क्षेत्र अन्तरगत लागु हुने

### सवारी साधन करः

**वार्षिक सवारी कर**

| क्र.सं. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | मोटर साइकल/स्कुटर | - | |
| २ | जिप/कार/भ्यान/पिकअप/ | - | |
| ३ | मिनी बस/मिनि ट्रक/ट्रेक्टर | - | |
| ४ | बस/ ट्रक/ डोजर / टिपर/ट्रेलर | - | |

**पटके सवारीः**

यस ब्यांस गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका ग्रामिण सडकहरुमा गाडी संचालन गरे वापत निम्न अनुसारको पटके कर लगाउने ।

| क्र.सं. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | जिप /पिक अप | - | |
| २ | ट्रेक्टर | - | |

# अनुसुची ७

## ब्याँस गाउँपालिका क्षेत्र अन्तरगत लागु हुने

### बिज्ञापन कर:

विज्ञापन कर रु ५०० प्रतिवर्षका दरले कर लगाउने ।

# अनुसुची ८

## ब्याँस गाउँपालिका क्षेत्र अन्तरगत लागु हुने

### मनोरन्जन कर:

| क.सं. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | मेला संचालन प्रत्येक पटक | ५०००/- | |
| २ | हाईभिजन हल | ३०००/- | |

# अनुसुची ९

## ब्याँस गाउँपालिका क्षेत्र अन्तरगत लागु हुने

### बहाल विटौरी कर

| क.सं. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | आफुले निर्माण गरेको अफ्नो स्वामित्वमा रहेको अफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल एलानी जग्गामा पसल टहरा छाप्रो बनाए वापत प्रति एकको | ५००/- | |
| २ | सार्वजिनक स्थलमा हाट बजार थापे बापत प्रति स्टल | ५०/- | |

अनुसुची १०
ब्याँस गाउँपालिका क्षेत्र अन्तरगत लागु हुने
सेवा शुल्क तथा दस्तुरः

| क्र.सं | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | सिफारीस(नागरीकता/गरीव/बिपन्न लगाएत सामान्य प्रकारको) | १००/- | |
| २ | सिफारीस(बहूयात्रा अनूमति सिफारिस जिल्ला भित्र ) | २००/- | |
| ३ | सिफारीस,(बहूयात्राअनूमति सिफारिस जिल्ला बाहिर ) | ३००/- | |
| ४ | मालपोत सिफारीस(महिलाको हकमा ५० प्रतिशत छूट) | १००/- | |
| ५ | प्रमाणित नेपालको प्रयोजन | २००/- | |
| ६ | प्रमाणित बैदेसिक प्रयोजन | ५००/- | |
| ७ | काउन्सिल प्रमाणिकरण | ५००/- | |
| ८ | गैर सरकारी संस्था सिफारीस | ५००/- | |
| ९ | सामुदायिक वन सिफारीस | ५००/- | |
| १० | बन्दूक नविकरण एक नाले (भरुवा) | ५००/- | |
| ११ | बन्दूक नविकरणा दूई नाले (भरुवा) | १०००/- | |
| १२ | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सिफारीस | १५००/- | |
| १३ | क्लव/आमा समुह/बाल समुह दर्ता सिफारीस | २००/- | |
| १४ | ब्यबसाय सम्बन्धी सीफारीस | ५००/- | |
| १५ | विद्युत जडानको लागी सिफारीस | १००/- | |
| १६ | घरको नक्सा पास (Darchula Tinkar Road आसपास) | ५/-प्रति वर्ग फिट | |
| १७ | घरको नक्सा पास Darchula Tinkar Road आसपास बाहेक | ३/-प्रति वर्ग फिट | |
| १८ | रोहवरमा बसी कागजात गरेको न्यूनतम | ५००/-देखि माथि | |
| १९ | परामर्स सेवा दर्ता सिफारीस | ५००/- | |
| २० | पशु ब्यबसाय फर्म दर्ता | २००/- | |
| २१ | पशु ब्यवसाय चरीचरणप्रति गोटा गाउपालिका भित्र | ५/ | |
| २२ | पशु ब्यवसाय चरीचरणप्रति गोटा गाउपालिका भित्रका | १०/ | |
| २३ | मिलापत्र | ३०००/- | |
| २४ | लिखत प्रतिलिपि प्रतिपाना | ५/- | |
| २५ | टेलिफोन/नेटवर्कको टावर | १०००/- | |
| २६ | बोर्डिङ्ग स्कूल अनुमति | १००००/- | |
| २७ | बोर्डिङ्ग स्कूल कक्षा बृद्धि | २०००/- | |
| २८ | बोर्डिङ्ग स्कूल ठाउ सारी | २५००/- | |
| २९ | बोर्डिङ्ग स्कूल वार्षिक कर(आधार भुत तह) | २५००/- | |
| ३० | बोर्डिङ्ग स्कूल वार्षिक कर (माध्यमिक तह) | १००००/- | |
| ३१ | लघु वित्त कम्पनी वार्षिक कर | ३०००/- | |
| ३२ | सहकारी संस्थाको वर्षिक कर | १०००/- | |
| ३३ | बैंक तथा वित्तिय संस्था वार्षिक कर (क वर्ग) | २५०००/- | |
| ३४ | बैंक तथा वित्तिय संस्था वार्षिक कर (ख वर्ग) | २००००/- | |
| ३५ | बैंक तथा वित्तिय संस्था वार्षिक कर (गवर्ग) | १००००/- | |
| ३६ | बैंक तथा वित्तिय संस्था वार्षिक कर (घ वर्ग) | ५०००/- | |
| ३७ | घर जग्गा कारोवार प्रति आना रु | ५००/- | |
| ३८ | दण्ड जरीवाना | नियमानुसार | |

# अनुसुची ११

## ब्याँस गाउँपालिका क्षेत्र अन्तरगत लागु हुने

### बालूवा, गिट्टी, ढूंगा, शूल्क

| क्र.सं | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | गिट्टी बालुवा ढुङ्गा प्रति कटटा गापा बाहिर | १०/- | |
| २ | गिट्टी बालुवा ढुङ्गा प्रति कटटा गा.पा. भित्र | ५/- | |
| ३ | छाना छाउने स्लेट ढुङ्गा खरबर प्रति गोटा | ५/- | |
| ४ | घर बनाउने ढुङ्गा प्रति चटठा | ५०/- | |

# अनुसुची १२

## ब्याँस गाउँपालिका क्षेत्र अन्तरगत लागु हुने

### यार्शागुम्बा सकल्न कर शूल्क लगायत अन्य जडिबूटी को हकमा बन तथा पर्यटन प्रबेश शूल्क

| क्र.सं | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | गांउपालिका क्षेत्र भित्र संकलकबाट वन प्रवेश वाफत का | ५००/- | |
| २ | गांउपालिका क्षेत्र भन्दा बाहिर संकलकबाट वन प्रवेश | ५००/- | |
| ३ | जिल्ला बाहिर संकलकबाट प्रवेश वाफत | १०००/- | |